प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०७५/०७६ मा डिप्लोमा तथा प्रमाणपत्र तहको पुर्ण शुल्कीय तर्फको नतिजा प्रकाशन एवं मूख्य परीक्षार्थी (Main Candidate) मा छनौट भएका परीक्षार्थीहरुलाई अध्ययन गर्न सिफारिश भएका शिक्षण संस्थामा भर्ना हुन जाने सम्बन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७५।०५।०३)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०७५।०३।१३ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम शैक्षिक सत्र २०७५/०७६ को डिप्लोमा/प्रमाणपत्र तहका बिभिन्न शैक्षिक कार्यकमहरुमा पुर्ण शुल्कीय कोटाहरुमा छनौटका लागि सम्वन्धित शिक्षण संस्थाहरुमा आवेदन फाराम भरी नेपालभरीका तोकिएका बिभिन्न परीक्षा केन्द्रहरुमा सञ्चालित डिप्लोमा तथा प्रमाणपत्र तहका विभिन्न शैक्षिक कार्यक्रमहरुको मिति २०७५।०४।१९ गते बिहान ७:०० बजे देखि संचालित प्रवेश परीक्षामा सामेल भएका परीक्षार्थीहरुमध्ये परिषद्बाट संचालन सम्वन्धन स्वीकृति प्राप्त शिक्षण संस्थाहरुको कोटा र लक्षित बर्गमा मुख्य परीक्षार्थीहरुको नाम र शिक्षण संस्था सहित डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्वन्धी निर्देशिका, २०७४ (संशोधन सहित) बमोजिम योग्यताक्रमानुसार सिफारिश भई मिति २०७५।०५।०१ गतेको निर्णयानुसार नतिजा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । नतिजाको विवरण परिषद्को वेवसाइट www.ctevt.org.np मा प्रकाशित गरिएको छ ।

सिफारिश भएका मुख्य परिक्षार्थीहरुले तोकिएको शिक्षण संस्थामा परिषद्को वेभसाइटबाट नतिजा डाउनलोड गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन(मिति २०७५।०५।१७ गते) भित्र भर्ना भइसक्नुपर्ने भएकाले उल्लेखित म्याद भित्र भर्ना सम्वन्धी निर्देशिका, २०७४ मा उल्लेख भए बमोजिमका आवश्यक सक्कल कागजातहरु (शैक्षिक प्रमाणपत्रहरु, प्रवेश परीक्षाको प्रवेशपत्र र आफ्नो बर्ग खुल्ने प्रमाणपत्रको सक्कल प्रति) लिई तोकिएको शिक्षण संस्थामा भर्ना हुन जानु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

छात्रवृत्तिमा भर्नाका लागि तोकिएका शिक्षण संस्थाहरुले यसै सूचनालाई आधारमानी परिषद्को वेभसाइट www.ctevt.org.np मा प्रकाशित नतिजा विवरण अनुसारका आफ्नो शिक्षण संस्थामा सिफारिश भएका परिक्षार्थीहरुको शैक्षिक कार्यकम अनुसारको शैक्षिक योग्यता तथा आवश्यक कागजातहरु भर्ना सम्वन्धी निर्देशिकाको बुंदा नम्बर ११ मा भएको प्रावधान अनुरुप रुजु गर्ने जिम्मेवारी सम्वन्धित शिक्षण संस्थाको प्राचार्यको हुने हुंदा सो रुजु गरी तोकिएको म्याद भित्र भर्ना गराउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ । उल्लेखित म्यादभित्र परिक्षार्थी भर्ना हुन नआई कोटा रिक्त रहन आएमा पुर्ण शुल्कीय कोटाहरुमा डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्वन्धी निर्देशिका, २०७४(संशोधन सहित) को बुंदा नं ६ को (ङ), (च), (छ), (अ), (आ) र (ई) बमोजिम वैकल्पिक सूचीमा रहेका परीक्षार्थीहरुलाई भर्ना गर्नुपर्ने प्रावधान रहेकोले सोही बमोजिम प्रकृया पुरा गरेर मात्र भर्ना गराउनु हुन जानकारी गराइन्छ । प्रकृया र कागजात नपुगेको परीक्षार्थीको भर्ना स्वत रद्ध हुनेछ ।

एस.इ.ई को स्तरोन्नती परीक्षामा सामेल भई बिभिन्न शैक्षिक कार्यकममा भर्नाको लागि मुख्य परिक्षार्थीको रुपमा सिफारिश भएका परीक्षार्थीहरुले एस.इ.ई को नतिजामा आवश्यक न्यूनतम शैक्षिक योग्यता प्राप्त नगरेमा भर्ना स्वतः रद्ध हुने शर्तमा कबुलियत गराई इच्छुक परीक्षार्थीलाई भर्ना गर्नुहुन अनुरोध छ ।

सम्वन्धित शिक्षण संस्थाले भर्ना सम्वन्धी प्रकृया नपुर्‍याई पुर्ण शुल्कमा भर्ना गरेको पाइएमा भर्ना सम्वन्धी निर्देशिका २०७४ को बुंदा नं ६ (छ) (इ) बमोजिम भैजाने व्यहोरा समेत सूचित गरिन्छ ।

नोट : यो सूचना CTEVT को website.www.ctevt.org.np मा पनि हेर्न सकिनेछ ।

**परीक्षा नियन्त्रक**